म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २४८ आइतबार ४ वैशाख २०७९ प्रतिपदा ने. सं. ११४२ चिल्लाथ्व 17 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बुद्धको मुर्ती उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ हेटौँडा उपमहानगरपालिका वडा नम्बर १८ स्थित गुम्बाँडाँडामा २५ फिट उचाईको ढुंगाको बुद्द मूर्ति अनावरण गरिएको छ । बौद्ध धर्मगुरु लोमसाङ नाङ्गेलले शनिबार एक समारोहबीच मूर्ति अनावरण गरेका हुन् ।



सम्पूर्ण कुमार लामाको अध्यक्षतामा मूर्ति अनावरण कार्यक्रम भएको हो । एक करोड ४४ लाखको लागतमा बोधी चैत्य बौद्ध स्तुपा मूर्ति निर्माण गरी अनावरण गरिएको हो । समाजसेवी दुर्गामान शाक्य, सुभाषराज शाक्य, कमलचन्द्र सुमनको सक्रियतामा हेटौंडा-१८ गुम्बाडाँडामा बौद्ध मूर्ति निर्माण गरिएको हो । धार्मिक महत्वको मूर्ति अनावरण हुँदा वडा नम्बर १८ गुम्बाडाँडामा धार्मिक पर्यटन बढ्ने वडा अध्यक्ष अनिल बानियाँले बताए । कार्यक्रममा मकवानपुरका समाजसेवी एवम् मूर्ति निर्माण व्यवस्थापन समिति उपाध्यक्ष ज्योतिरत्न बज्राचार्यले स्वागत मन्तव्य राखेका थिए ।

# गठबन्धनमा मिलेन भागबण्डा, सहमति नभए आजै सिफारिस




सहमति नभए मनहरी, मकवानपुरगढी र भीमफेदीको हकमा प्रदेशको गठबन्धन संयन्त्रलाई सिफारिस गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ मकवानपुरको १० पालिकामा गठबन्धनलाई भागबण्डा मिलाउन सकस परेको छ । एमालेका उम्मेदवार घरदैलोमा हिँडिसकेको अवस्थामा गठबन्धनलाई भने उम्मेदवार छनौटमै हम्मेहम्मे परेको हो ।

आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि सत्ता साझेदार गठबन्धनका दल भागबण्डा मिलाउन लामो समयदेखि नियमित बैठकमा बसेका छन् । भागबण्डा मिलाउन गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादीका जिल्ला नेतृत्व सहमतिको प्रयासका लागि दैनिक छलफलमा जुट्दै आएका छन् ।

तर, गठबन्धनभित्रका दलको आ-आफ्नो दावीका कारण सहमति हुन नसकेको जनाइएको छ । गत निर्वाचनमा जितेका गाउँपालिका सम्बन्धित दलले पाउने सहमति भएपनि थप ३ वटा गाउँपालिका र वडामा भागबण्डा नमिलेको हो ।

गत निर्वाचनमा कांग्रेसले बकैया र राक्सिराङ गाउँपालिका, माओवादीले थाहा नगरपालिका र बागमती गाउँपालिका जितेको थियो । यसैगरी एमालेबाट निर्वाचन लडेर विजयी भएका कैलाश र इन्द्रसरोवर गाउँपालिका अध्यक्ष पार्टी विभाजनसँगै एकीकृत समाजवादीमा समाहित भएसँगै तीन दलले दुई-दुई वटा पालिका पाउने भएका छन् । तर, एमालेले जितेको मनहरी, मकवानपुरगढी र भीमफेदीमा तीन दलबीच सहमति जुट्न नसकेको एकीकृत समाजवादी निकट स्रोतले *साझाकुरा*लाई जानकारी दिएको छ ।

मनहरीमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीले दावी नछोडेको स्रोतले जानकारी दियो । भीमफेदीमा कांग्रेस र माओवादीले दावी गरिरहेको छ । मकवानपुरगढीमा पनि कांग्रेस र माओवादीले दावी गरिरहेको स्रोतले जनाएको छ । 'गत निर्वाचनमै जितेका पालिकाको हलमा सोही पार्टीले पाउने सहमति भएर कुरा टुंगिसकेको छ । तर, मनहरी, भीमफेदी र मकवानपुरगढीमा कुरा मिलेन्', स्रोतले भन्यो । गठबन्धनबीच आज आइतबार अन्तिम प्रयास स्वरुप सहमतिका लागि छलफलमा बसिने जनाइएको छ । सहमति नभए तीन पालिकाको हकमा प्रदेश गठबन्धनलाई सिफारिस गरिने स्रोतले जानकारी दियो ।

हेटौंडा उपमहानगरपालिकाको हकमा केन्द्रीय गठबन्धन संयन्त्रले टुंग्याउने भएपनि कांग्रेस, माओवादी र एकीकृत समाजवादीले दावी गरेको छ । कांग्रेसबाट मेयरको आकांक्षीमा आनन्दराम पराजुली र प्रभात दहाल, माओवादीबाट संविधानसभा सदस्य प्रल्हाद लामिछाने र एकीकृत समाजवादीबाट जिल्ला अध्यक्ष श्रीधर पोखेल आकांक्षी छन् ।

यसैगरी, गठबन्धनभित्र वडाको हकमा पनि सहमति जुट्न सकेको छैन । जिल्लास्थित १० पालिकामा गरेर एकसय दुईवटा वडामध्ये कांग्रेसले ७० वटा, माओवादीले ४६ वटा र एकीकृत समाजवादीले ३० वटा दाबी गरेका छन् । जनता समाजवादीले पनि नगरको वडामा दावी गरेको छ ।

माओवादीले ४६ वटै वडा चाहिने दाबी नछोडेपछि सहमति जुट्न नसकेको एक नेताले जानकारी दिए । माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाख्रिनले आवश्यकताका आधारमा माओवादीले ४६ वटा वडा मागेको बताए । केन्द्रीय गठबन्धनको निर्णय अनुसार नै माओवादीले दावी गरेको उनको भनाइ छ ।

सबैको आ-आफ्नै दाबी रहेको र केही कुरा नमिले पनि आज आइतबार बेलुकासम्म जिल्ला गठबन्धनले प्रदेशमा सिफारिस गरिसक्ने पाख्रिनले जानकारी दिए । 'केही कुरा मिलेका छैनन् । त्यो हामी फेरि बैठक बसेर मिलाउँछौं । नमिलेपनि प्रदेशमा सिफारिस गर्छौं । उतैबाट टुंगिएर आउँछ', पाख्रिनले भने ।

मकवानपुरमा गठबन्धनका कांग्रेस, माओवादी र एकीकृत समाजवादीले मात्रै पालिकाको प्रमुख र उपप्रमुखमा दावी गरेको छ भने जनमोर्चा र जनता समाजवादीले वडा अध्यक्ष र सदस्य मागेको छ । गठबन्धनको ठूलो दल कांग्रेसले बहुमत स्थानीय तह र वडा लिने अडान कायमै राखेको छ । निर्वाचनको मिति नजिकिएसँगै आ-आफ्नो पार्टीका उम्मेदवार टुंगो लगाउन नसक्दा गठबन्धनलाई प्राविधिक असर पुग्ने निश्चित छ ।

कांग्रेसले हेटौंडा उपमहानगरसहित, राक्सिराङ, बकैया, मवानपुरगढी, कैलाश र मनहरी गाउँपालिकामा दावी गरेको छ । २०७४ को निर्वाचनमा कांग्रेसले राक्सिराङमा अध्यक्ष र उपाध्यक्ष, बकैयामा अध्यक्ष र थाहा नगरमा उपप्रमुख मात्रै जितेको थियो । कांग्रेस मकवानपुरमा एमालेपछिको दोस्रो ठूलो दल हो ।

नेकपा माओवादी केन्द्रले पाँच वटा गाउँपालिका, ४६ वटा वडा र जिल्ला समन्वय समितिको उपप्रमुखमा दावी गरेको छ । गत निर्वाचनमा माओवादीले थाहा नगरमा प्रमुख र बागमतीमा अध्यक्ष मात्रै जितेको थियो ।

गठबन्धनकै अर्को दल एकीकृत समाजवादीले हेटौंडा उपमहानगरसहित दुई गाउँपालिका र ३० वटा वडामा अध्यक्ष दावी गरेको छ । गठबन्धनलाई मकवानपुरमा एमाले हराउन सहज भने छैन् । मकवानपुरमा एमाले सबैभन्दा बलियो पार्टी हो । गत निर्वाचनमा एमालेले हेटौंडासहित ६ पालिका अध्यक्ष, ८ उपाध्यक्षसहित बहुमत वडा अध्यक्ष जितेको थियो ।

## यौन दुर्व्यवहार घटनाः दुई शिक्षक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ बागमती गाउँपालिकाको जनता माध्यमिक विद्यालयका बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेका थप दुई शिक्षक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय, फापरबारीले शिक्षकद्वय लोकबहादुर विक र रुद्रबहादुर विकलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा बुझाएको छ । यसअघि २५ चैतमा अर्का आरोपी शिक्षक हेमबहादुर विक इप्रका फापरबारीमै उपस्थित भएका थिए । ४ बालिकाको प्रतिनिधित्व गर्दै २ अभिभावकले गत बिहीवार दिएको किटानी जाहेरीपछि प्रहरीले उनीहरुलाई निरन्तर खोजी गरिरहेको थियो । गाउँमै लुकेका लोकबहादुर र रुद्रबहादुरलाई शुक्रबार साँझ नियन्त्रणमा लिएर सोही दिन बेलुका जिल्ला प्रहरीमा बुझाएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती-८ शान्तिपुरमा रहेको जनता माविका कक्षा ४, ५, ६, ७ र ८ मा पढ्ने बालिकामाथि तीन शिक्षकले यौन दुर्व्यवहार गरेको आरोप लागेको हो । पीडित बालिकाहरुले कक्षा कोठामा पढाउने क्रममा शिक्षकहरुले संवेदनशील अंगमा हात लैजाने गरेको आरोप लगाएका छन् । जनता माविमा ११ चैतदेखि २० गतेभित्र १५ जना बालिका र ६ जना अभिभावकले यौन दुर्व्यवहार भएको आरोप लगाउँदै कारबाहीका लागि उजुरी दिएका थिए । उजुरीउपर कारबाही गर्नुको सट्टा विद्यालयले राजनीतिक दल, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकलाई राखेर घटना मिलाउने प्रयास गरेको थियो ।




## कर्मचारी आवश्यकता

यस हिडम्बा अटो प्रा.लि.(महिन्द्रा एण्ड महिन्द्राकोडिलरको) लागि लेखापाल आवश्यकता भएको हुँदा निम्न लिखित, योग्यता भएको ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

१. अनलाईन बिलिङ्ग सम्बन्धि ज्ञान भएको
२. योग्यता : Batchlor Clear
३. कर, सम्बन्धि ज्ञान भएको
४. तलब सुविधा : आपसी समझदारीमा

कम्प्युटर सम्बन्धि दक्ष भएको हुनु पर्ने छ ।

**सम्पर्कः हिडम्बा अटो प्रा.लि.**
अफिस समयमा विहान ९ बजेदेखि ५ बजे साँझसम्म
हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ९८४५०२५९९७, ९८४५८२९०१५, ०५७-५२२००७

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# बालअधिकार लागू गर

बालबालिकाले प्राप्त गर्ने अधिकारलाई बाल अधिकार भनिन्छ । यो बालबालिकाको जन्मसिद्ध अधिकार पनि हो । बालबालिकाले स्तनपान गर्न पाउने, बाबुआमाको माया पाउने, संरक्षण पाउने जस्ता अधिकार जन्मसिद्ध अधिकार हो भने खेल्न पाउनु, शिक्षा हासिल गर्न पाउनु, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउनु आदि मौलिक हक अधिकार हो । संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनले १८ वर्षमुनिका सबैलाई बालबालिका मानेको छ । नेपालको सन्दर्भमा भने बालबालिका सम्बन्धी ऐन, २०४८ ले भने १६ वर्ष भन्दा कम उमेर भएका सबैलाई बालबालिका मानेको छ । १९८९ नोभेबर २० मा संयुक्त राष्ट्रसंघले बालअधिकारसम्बन्धी महासन्धी पारित गऱ्यो । त्यसै सन्धीलाई नेपालमा सेप्टेम्बर १४ मा अनुमोदन गरिएको थियो । त्यतिबेलादेखि नेपालमा पनि हरेक वर्षको भाद्र २९ गते बालअधिकार दिवस मनाउने गरिएको छ । जसमा ५४ वटा बुँदामा अनुमोदन गरिएका थियो ।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता मुख्य चार बुँदाहरु रहेका छन् । बालबालिकाहरुलाई आधारभूत शिक्षा र स्वास्थ्यको व्यवस्थापन, बालबालिकाहरुलाई सन्तुलित आहारको व्यवस्था, उचित लालनपालन, मनोरञ्जन, आराम र यातानामुक्त बालबालिका बेचविखन ओसारपसारको कुरा सर्वाङ्गीण व्यक्तित्व विकासको हक सुनिश्चित गरेको छ । बालविकासको इतिहासलाई हेर्दा विभिन्न बालश्रम ऐनहरु बनेका छन् । बालबालिका सम्बन्धी काम गर्ने विभिन्न संघसंस्थाहरु पनि छन् । तर, पनि बाल शोषणलाई कहिल्यै पनि अन्त्य भएको देखेका छैनौं । अझै पनि कयौं होटल, लज र उद्योगधन्दाहरुमा गाडीको खलासी बस्नेमा बालबालिका नै अग्रपंक्तिमा छन् । कलम समाउने ती कलिला हातहरुले आफूभन्दा ठूला भारी उचाल्न बाध्य भएका छन् । यस्तो संघसंस्थाहरु कहाँ छन ? दिन दिनै भइरहने बाल यौन दुर्व्यवहारदेखि लिएर सडक बालबालिका सम्मका बालबालिकाको कुरा लिएर हेर्दा नेपालमा बाल संघसंस्थाहरुको भूमिका उल्लेख्य रहेको पाइँदैन ।

बालबालिकाको हक अधिकार सुनिश्चितताको लागि संघ, प्रदेश, स्थानीय सरकारको सहकार्य गर्नु अपरिहार्य छ । बालबालिकाको हकहितमा काम गर्ने संघसंस्थाहरुले निगरानी र चनाखो हुनुपर्छ । त्यसलै बालबालिकाको हेरचाह गर्ने तिनलाई हुर्काउने, स्याहार-सुसार गर्ने र तिनको सम्भावना बुझेर भविष्यको बाटो देखाइदिने र तिनको सम्भावना बुझेर अगाडि बढाइदिने काम आमा-बाबा र सहजकर्ताको नै हुन्छ । त्यसैले कागजी नियम कानुनले मात्र बालबालिकाहरुस शुखी अधिकार सम्पन्न हुँदैनन् । तसर्थ, बाल अधिकारसम्बन्धी जति पनि नियम कानुनमा भएका व्यवस्थाहरु छन् । तिनलाई व्यवहारमा लागू गर्न आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ बैशाख ५ गते आइतबार १८ अप्रिल २०२२ । बैशाख कृष्ण द्वितीया । चौलाथ्व द्वितीया ११४२ । विश्व सम्पदा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साथीभाइमा मनमुटाव हुनेछ | तुला | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| वृष | : नयाँ काम समय देखिन्छ | वृश्चिक | : सहयोग गर्ने भावना आउनेछ |
| मिथुन | : अधुरा काम सम्पन्न हुनेछ | धनु | : यात्राको लागि सुखद देखिन्छ |
| कर्कट | : रिसाउने बानीले काम बिग्रनेछ | मकर | : रमाइलोको समय रहेको छ |
| सिंह | : नोकरीबाट असन्तोष बढ्नेछ | कुम्भ | : शरीरमा समस्या देखिन सक्नेछ |
| कन्या | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ | मीन | : सामाजिक प्रतिष्ठा बढ्नेछ |

# म राजनीतिमा किन आएँ ?



विनोद चौधरी

> म राजनीतिमा प्रवेश गर्नुका पछाडि विश्वभर रहेका नेपाली नागरिकबाट पाएको यो प्रोत्साहनको ठूलो भूमिका छ । अहिले म राजनीतिमा छु । मलाई सोध्न थालिएको छ- तपाईं जस्तो सफल उद्यमी किन राजनीतिमा आउनु भयो ?

जब म व्यवसायिक यात्रामा थिएँ, देश-विदेश जहाँ पुग्दा पनि मैले एउटा प्रश्नको सामना गर्नुपर्थ्यो- तपाईं किन राजनीतिमा आउनुहुन्न ? तपाईजस्तो मानिस राजनीतिमा आएर देश बनाउन किन योगदान गर्नुहुन्न ? म राजनीतिमा प्रवेश गर्नुका पछाडि विश्वभर रहेका नेपाली नागरिकबाट पाएको यो प्रोत्साहनको ठूलो भूमिका छ । अहिले म राजनीतिमा छु । मलाई सोध्न थालिएको छ- तपाईं जस्तो सफल उद्यमी किन राजनीतिमा आउनु भयो ?

त्यसैले आज म किन राजनीतिमा आएँ र आर्थिक विकासप्रतिको मेरो दृष्टिकोण के हो भन्नेबारे उल्लेख गर्न चाहन्छु । मेरा लागि राजनीति दर्शनका ठेलीमा खोज्ने विषय होइन । नेपाली जनताको घर आँगनमा विद्यमान समस्याहरूको समाधान गर्न सक्नु नै राजनीति हो । म यसकै लागि राजनीतिमा आएको हुँ । जनताको जीवनसँग कहींकतै नजोडिने तर विद्वता छाँट्न मात्रै गरिने राजनीति मेरा लागि कोरा कागज सरह हो ।

मैले देखिरहेको छु- हामी राजनीति गर्नेहरू मार्क्सवाद, लेनिनवाद, जनवाद, पुँजीवाद, साम्यवादका उद्धरणहरू घोकेर भाषण गर्न जान्छौं । तर यी 'वाद' सुन्दासुन्दा जनता वाक्क/दिक्क भइसके । जनतालाई 'वाद' को परिभाषा होइन, आफ्ना आँखाअगाडि देखिने र जीवनमा प्रत्यक्ष भोग्न पाइने परिवर्तन चाहिएको छ । मेरो राजनीतिको एक मात्र उद्देश्य समृद्ध नेपाल निर्माण गर्नु हो । विश्व मानचित्रमा नेपाललाई विकसित मुलुकको सूचीमा पुऱ्याउनु हो । प्रत्येक नेपाली नागरिकलाई यो विश्वमा नेपाली हुँ भनेर परिचय दिइरहँदा गर्व महसुस हुने वातावरण तयार गर्नु हो । मलाई लाग्छ, अहिले राजनीतिको प्राथमिकता यस प्रकार हुनुपर्छ ।

**रोजगारी सिर्जना गर्ने राजनीति:**

लोक गायक लोकबहादुर क्षत्रीको एउटा गीत रेडियो नेपालमा खुबै बज्थ्यो ।

*आमा रूँदै गाउँ बेसी मेलैमा*
*छोरो रूँदै गोरखपुर रेलैमा...*

आज वर्षौंपछि पनि परिस्थिति ठयाक्कै यही छ । भएको परिवर्तन भनेको हिजो रेल चढेर जागिर खोज्न जाने नेपाली युवाहरू अहिले प्लेन चढेर गइरहेका छन् । प्रत्येक वर्ष साढे पाँच लाख युवाहरू श्रम बजारमा आउँछन् । पाँच लाख युवाहरू वैदेशिक रोजगारीमा जान्छन् । हाम्रो आन्तरिक बजारमा वार्षिक ५० हजार रोजगारी मुश्किलले सिर्जना हुन्छ । स्वदेशमा रोजगारी नपाउँदा लाखौं युवाहरू खाडी र मलेसियामा छन् । गाउँघर वृद्धाआश्रम जस्ता भएका छन् । वृद्ध आमाबाबुले जवान छोरा/छोरीलाई वैदेशिक रोजगारीमा आँशु धारासँगै बिदाइका हात हल्लाइरहेका छन् । उनीहरूको मनले भनिरहेको छ- तिमीहरू फर्केर आउँदासम्म हाम्रो सास बाँकी रहला कि नरहला ? यसको मूल्य पैसामा मात्रै निर्धारण गर्न सकिने अवस्था छैन । त्यसैले हाम्रो राजनीतिको मुख्य प्राथमिकता रोजगारी सिर्जना गर्नु हो । स्वरोजगारी सिर्जना गर्नु हो । युवाहरूलाई सीप सिकाउनु हो । उद्यमशीलता सिकाउनु हो । युवाहरूलाई हलो जोत्न लाज हुँदैन भनेर सिकाउनु हो । पढे-लेखेकाहरूलाई कृषिमा आवद्ध हुन प्रेरणा दिनु हो । उनीहरूका लागि आवश्यक 'इको सिस्टम' तयार गरिदिनु हाम्रो राजनीतिको उद्देश्य हुनुपर्छ । मैले राजनीतिमा प्रवेश गरेर छोटो समयमै सुरू गरेको 'गरिखाने अभियान' को उद्देश्य यही हो ।

हाम्रा युवाहरूमा सिर्जनशील सोचहरू यही माटोमा प्रष्फुटन हुन पाऊन् । बिउपुँजीको अभावमा उनीहरू विदेसिनु नपरोस् । विदेश गइसकेका युवाहरूले पनि स्वदेश फर्किएपछि विदेशमा सिकेको ज्ञान, सीप नेपालमा प्रयोग गर्न पाऊन् । हामी स्पष्ट हुनैपर्छ- जबसम्म नेपाली युवाको श्रम, सीप र पसिना यो माटोमा पोखिँदैन, पोख्ने वातावरण राजनीतिले बनाउँदैन तबसम्म नेपालको विकास हुँदैन । विश्वको कुनै पनि देशले आफ्ना युवाहरूलाई वैदेशिक रोजगारीमा पठाएर विकास गरेको इतिहास छैन । नेपालले पनि यस्तो इतिहास रच्ने कुनै सम्भावना छैन ।

**जनतालाई स्वास्थ्योपचारको ग्यारेन्टी:**

आम जनता अहिले पनि गाँस, वास, कपास र उपचारको जोहो कसरी गर्ने भन्ने चिन्तामै रूमलिएका छन् । जब जीन्दगीको चक्र यत्ति कुरामै रूमलिन्छ भने त्योभन्दा माथिका कुरा सोच्न सक्ने अवस्था रहँदैन । उनीहरूले त्योभन्दा माथि उठेर देशका लागि योगदान पुग्ने काममा आफूलाई उभ्याउन सक्दैनन् ।

नेपाली जनता बिरामी पर्दा कसरी उपचार गर्ने भन्ने चिन्तामा छन् । अलिक गाह्रो/साह्रो रोग लाग्यो भने घरबारी गरेर उपचार गर्नुपर्ने अवस्थामा छन् । प्रत्येक वर्ष उपचार खर्चका कारण ५ लाख जनता गरिबीको रेखामुनि झर्छन् । नि:शुल्क स्वास्थ्य सेवा जनताको अधिकार त भनियो तर कार्यान्वयन भएन । हामीले प्रत्येक नेपाली नागरिकको उपचारको ग्यारेन्टी गर्न सक्नुपर्छ । कुनै कारणले सार्वजनिक अस्पतालहरूमा सेवा पाउन नसके निजी अस्पतालमा उपचार गर्दा लागेको खर्च सरकारले बेहोर्ने प्रणाली बनाउनुपर्छ । यसका लागि स्वास्थ्य बीमालाई अत्यन्तै प्रभावकारी र चुस्त बनाउन सक्नुपर्छ ।

**बालबालिकालाई गुणस्तरीय शिक्षा:**

राणाकालको शैक्षिक इतिहास हामीले पढेका थियौं- त्यति बेला राणाका सन्तान र जनताका सन्तानका लागि दुईथरी शिक्षा थियो । आज संघीय गणतन्त्र नेपालमा आइपुग्दा पनि दुईथरी शिक्षाको अन्त्य हुन सकेको छैन । आम जनताका छोराछोरीले गुणस्तरीय शिक्षा पाएका छैनन् । म चाहन्छु- देशभरका सबै बालबालिकाले पाउने शिक्षाको गुणस्तर समान हुनुपर्छ । उनीहरूले नि:शुल्क शिक्षा पाउनुपर्छ । हुम्ला जुम्लाका विद्यालय र काठमाडौंका विद्यालयमा किन एउटै गुणस्तरको शिक्षा दिन सकिएको छैन । हुम्लाको विद्यालयमा पढाउने शिक्षक र काठमाडौंको विद्यालयमा पढाउने शिक्षकको योग्यता त समान हो । सरकारले शिक्षामा ठूलो लगानी गरेको छ । त्यसैले बजेट मात्रै विनियोजन गरेर जिम्मेवारी पूरा हुँदैन, त्यसको कार्यान्वयनका लागि पनि सरकारले त्यत्तिकै ध्यान दिनुपर्छ भन्ने यसले देखाउँछ । सार्वजनिक शिक्षाको गुणस्तरमा साँच्चिकै आमूल सुधारको खाँचो छ । जबसम्म हामीले हाम्रा बालबालिकालाई सही र गुणस्तरीय शिक्षा दिन सक्दैनौं, देश विकासको कथा पुस्तान्तर भइरहने छ । हामी भाषण गरिरहने छौं, देशको विकास ओरालो लागिरहनेछ ।

मेरो परिभाषामा शिक्षाको समान गुणस्तरको मापदण्ड भनेको देशभरका सबै विद्यालयमा बुढानिलकण्ठ स्कुलले दिने शैक्षिक गुणस्तर हुनुपर्छ । के यो सम्भव छ ? म निसंकोच भन्न सक्छु- छ । यसलाई सम्भव बनाइनुपर्छ । देशभरका सबै सरकारी विद्यालयको गुणस्तरको मापदण्ड बुढानिलकण्ठ स्कुल बन्न सक्छ । एउटा कठोर प्रतिबद्धताले आजको दिनमा सबै सरकारी विद्यालयलाई बुढानिलकण्ठ स्कुलमा रूपान्तरण गर्न सम्भव छ । हामीसँग शिक्षित जनशक्ति उपलब्ध छ । देश-विदेशमा पढेका युवाहरूलाई शिक्षक बन्न प्रेरित गर्नुपर्छ ।

हाम्रो व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुपर्छ । हामीले भन्नैपर्छ- शिक्षाको गुणस्तरमा अब सम्झौता गरिँदैन । नेपालका शिक्षक त्यो दिन आफूलाई शिक्षक हुँ भन्दा गर्व गर्नेछन् जुन दिन नेपालमा शिक्षाको गुणस्तर अन्तर्राष्ट्रिय मापदण्डमा पुग्नेछ । मलाई थाहा छ- बजेट अभावका कारण शिक्षाको गुणस्तर खस्किएको होइन । शिक्षा विकासको बृहत सोच र व्यवस्थापन अभावमा यस्तो भएको हो । एउटा सरकारी स्कुलको शिक्षकको 'पर्फर्मेन्स'लाई जबसम्म उसको नतिजासँग जोडिँदैन, शिक्षामा सुधार आउँदैन । एकपटक शिक्षक बनेपछि जीवनभर जागिर पक्का भन्ने अहिलेको व्यवस्थाले शिक्षामा सुधार आउन सक्दैन । शिक्षकहरूलाई राजनीतिक पार्टीको झोला बोकाएर शिक्षामा गुणस्तर खोज्ने हाम्रो परिपाटीमा अनिवार्य परिवर्तन गर्नुपर्छ ।

**भ्रष्टाचारको अन्त्य, सर्भिस डेलिभरीको सुनिश्चितता:**

म पाठकहरूलाई सोध्न चाहन्छु- तपाईंहरूले घुस नदिइकन कुनै काम गराउन सक्नुभएको छ ? वडा कार्यालयदेखि सिंहदरबार सम्म ? घरमा खानेपानीको धारा जोड्दादेखि उद्योग व्यवसायको अनुमति लिँदासम्म ? मलाई लाग्छ- तपाईंहरू सबै भुक्तभोगी हुनुहुन्छ । मेरो राजनीतिको लक्ष्य देशमा सुशासन स्थापना गर्ने हो । घुसखोरीको अन्त्य गर्ने हो । कानुनले स्थापित गरेका नागरिकका अधिकार निर्वाध प्रयोग गर्न पाउने वातावरण बनाउने हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको तथ्यांकले भन्छ- नेपाल उच्च भ्रष्टाचार हुने मुलुक हो । सन् २०२१ मा भ्रष्टाचार सूचीमा नेपालको स्थान ११७ नम्बरमा छ । भुटान २५ नम्बरमा छ । डेनमार्क, फिनल्यान्ड र न्युजिल्यान्डको स्थान १ नम्बरमा छ । यसबाट प्रष्ट हुन्छ कि हाम्रो हालत कति खराब छ । भ्रष्टाचारलाई हामीले हाम्रो जीवनशैली बनाएका छौं । त्यसैले नेपालमा वैदेशिक लगानी आउँदैन । आन्तरिक लगानी बृद्धि हुँदैन । रोजगारी सिर्जना हुँदैन । सार्वजनिक सेवाको डेलिभरी घुससँग साट्नुपर्ने अवस्था छ । मलाई थाहा छ- भ्रष्टाचार 'क्रोनिक' रोगमा परिणत भइसकेको छ । तर नेपालमा आर्थिक विकासको हलचल ल्याउने विश्वास राख्छौं भने यो रोगको उपचार गरिनुपर्छ । र सर्भिस डेलिभरी जनताको अधिकार हो भन्ने कुरा स्थापित गर्नै पर्नेछ ।

**राजनीतिको केन्द्रमा आर्थिक विकासका एजेन्डा:**

म सबै दलहरूसँग अनुरोध गर्न चाहन्छु- आर्थिक विकासका एजेन्डामा राजनीति नगरौं । २०४६ सालपछिका ३० वर्षमा हामीले विकासका एजेन्डामा यति धेरै राजनीति गऱ्यौं कि, परिणाम आजको नेपालको आर्थिक स्थिति हो । नेपाली जनताको जीवनस्तर हो । हाम्रै अनुभवबाट पनि अब त यति कुरा सिक्ने बेला भइसक्यो । हामीलाई एमसिसी चाहिन्छ, बिआरआई पनि चाहिन्छ । अमेरिका चाहिन्छ । भारत चाहिन्छ । र, चीन पनि चाहिन्छ । जबसम्म हामीले आर्थिक विकासका माध्यमद्वारा आफ्नो हैसियत स्थापित गर्न सक्दैनौं तबसम्म हाम्रो सामर्थ्य स्थापित हुन सक्दैन । त्यसैले विकासका एजेन्डामा राजनीति नगरौं । हामीलाई प्राप्त विकासका अवसरहरूमाथि 'खोक्रो राष्ट्रवाद'को राजनीति गरेर समय खेर नफालौं ।

विकास परियोजना कार्यान्वयनका मामिलामा हामीले हाम्रै अनुभवबाट शिक्षा लिऔं । मेलम्ची खानेपानी आयोजना, फास्ट ट्र्याक, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी सडक, पूर्व पश्चिम रेलवे जस्ता परियोजनाको कथा अब पुस्तान्तर हुँदै छन् । तीस वर्ष लगाएर एउटा परियोजना पूरा गर्न नसक्ने हाम्रो कामको समीक्षा अब पनि नगर्ने हो भने हामीले आर्थिक विकासमा के गर्न सकौंला ? त्यसैले यी परियोजनाबाट शिक्षा लिऔं र विकास परियोजनालाई समय, बजेट र गुणस्तरको सीमामा ल्याउन कठोर कदम चालौं । दोस्रो पुस्ताको आर्थिक सुधारलाई कार्यान्वयन गरौं । नेपाली कांग्रेसको सरकारले २०४८ सालमा गरेको आर्थिक सुधारले दस वर्षे माओवादी द्वन्द्व थेग्न सम्भव भयो । राजाको निरंकुश शासन थेग्न सम्भव भयो । र अहिलेसम्म देशलाई आर्थिक संकटमा पर्नबाट जोगाएको छ । तर अब यत्तिले मात्रै हुँदैन ।

हामीले आर्थिक विकासको उडान सुरू गर्नुपर्छ । त्यसका लागि हामीलाई नीतिगत रूपमा थप उदारीकरण, व्यवस्थित नियमन र कार्यान्वयनमा कठोर प्रणाली स्थापित गर्नुपर्ने आवस्यकता छ । अब ढिला नगरौं । दोस्रो पुस्ताको आर्थिक सुधारलाई प्राथमिकता दिऔं । आर्थिक विकासका लागि लगानी सत्य हो, अरू सबै भ्रम हुन् भन्ने मान्यता हामीले पनि आत्मसात गरौं । माथि जति पनि समस्याबारे चर्चा गरें, ती आर्थिक र सामाजिक समस्या समाधानका सबभन्दा भरपर्दा माध्यम लगानीको विस्तार हुनु हो । लगानीमार्फत् रोजगारी सिर्जना गर्न सकिन्छ । सरकारी ढुकुटी भरिलो बनाउन सकिन्छ । निर्यात प्रर्वद्धन गर्न सकिन्छ । वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ ।

यो सबैको स्रोत लगानी विस्तार भएकाले बाह्य लगानीलाई नेपालमा स्वागत गर्ने वातावरण बनाऔं । स्वदेशी लगानीकर्तालाई लगानी विस्तार गर्न प्रोत्साहित गरौं । लगानीकर्ताप्रतिको नकारात्मक दृष्टिकोण बदलौं । उनीहरूलाई सम्मान गरौं । हाम्रा सोचमा रहेका खोटहरू झिकेर मिल्काऔं । अमेरिकी पूर्व राष्ट्रपति जोन अफ केनेडीको एउटा भनाइ सम्झिन चाहन्छु- अमेरिका धनी भएर यहाँका सडक फराकिला भएका होइनन्, अमेरिकाका सडक फराकिला भएकाले अमेरिका धनी भएको हो । -साभार: सेतोपाटी

# तीन सरकारका कर र दलाल अर्थतन्त्रको कुचक्र



गोपीकृष्ण खनाल

तीनै तहका सरकारलाई राजस्व परिचालन र खर्च व्यवस्थापनमा जिम्मेवार बनाउँदै नागरिकको आर्थिक जीवन सशक्त पार्नु वित्तीय संघीयताको उद्देश्य हो । यसमा राजस्व अधिकार बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण, दीर्घकालीन प्रकृतिका पूर्वाधार योजनालाई स्रोत जुटाउन सार्वजनिक ऋण व्यवस्थापन जस्ता पक्ष महत्त्वपूर्ण छन् । संविधानले कोरेको उदार लोकतन्त्र, समतामूलक आर्थिक समृद्धि र समावेशी शासनको एकीकृत खाकालाई साकार तुल्याउन पनि वित्तीय संघीयताको भूमिका रहन्छ ।

तीन तहका सरकारमध्ये कसले के काम गर्ने भन्नेबारे संविधानको अनुसूची ५-९ मा एकल तथा साझा अधिकारहरू तोकिएका छन् । साझा अधिकारको बाँडफाँडलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणको प्रतिवेदनले थप स्पष्ट पार्छन् । कार्यगत जिम्मेवारी बाँडफाँडमा संरचनागत समस्या देखिएका छन् । संविधानले राष्ट्रिय स्तरको नीति तथा विकासको जिम्मा केन्द्रलाई, प्रादेशिक विकास प्रदेशलाई र स्थानीय सेवा तथा विकासको जिम्मा पालिकालाई दिएको छ ।

संसद्बाट सरकार बनाउने हाम्रो जस्तो 'वेस्टमिन्स्टर' प्रणालीमा मतदाताले उम्मेदवारबाट स्थानीय स्तरमै सेवा र विकास चाहने भएकाले प्रदेश तथा सैले समेत स्थानीय तहका क्षेत्राधिकारमा साधनस्रोत विनियोजन गर्ने प्रवृत्ति छ । यसले गर्दा कतिपय ऐन बाझिएका छन् । घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण तथा नियमनको अधिकार स्थानीय सरकार सञ्चालन ऐनले पालिकालाई दिंदा औद्योगिक व्यवसाय ऐन, २०७६ ले यही अधिकार प्रदेश सरकारलाई तोकेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका क्षेत्रीय निकायहरू प्रदेश सरकारमा हस्तान्तरण हुन सकेका छैनन् । साविकको जिल्ला जनस्वास्थ्य कार्यालयले गर्ने अधिकांश काम स्थानीय तहको जिम्मेवारीमा परे पनि त्यसलाई अझै प्रदेश सरकार मातहत राखिएको छ । प्रदेशले सम्पादन गर्दै आएका महिला विकास तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी अधिकांश काम स्थानीय सरकारको क्षेत्राधिकारका हुन् । संविधान बाहिर गएर माथिल्लो सरकारले आर्थिक वर्षको बीचमा तल्लो सरकारलाई पटके अनुदान दिने प्रवृत्ति पनि छ ।

**कर अधिकार**

कर अधिकारको तहगत बाँडफाँडलाई संविधान र उल्लिखित दुई ऐनले लगभग टुङ्गो लगाएका छन् । भन्सार र आन्तरिक-बाह्य अन्त:शुल्क, मूल्य अभिवृद्धि कर र आयकरको अधिकार केन्द्रमै राखिएको छ । साविकका स्थानीय करहरू, जस्तै- सम्पत्ति, साना व्यवसाय, मालपोत-कवाडी आदि कर स्थानीय तहमा छन् । मनोरञ्जन, विज्ञापन कर, घरजग्गा रजिस्ट्रेशन शुल्क जस्ता साझा कर स्थानीय तहले उठाई ४० प्रतिशत रकम प्रदेशलाई बाँड्नुपर्ने प्रावधान छ । आन्तरिक अन्त:शुल्क र मूल्य अभिवृद्धि करबाट उठेको रकमको १५-१५ प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको ढाँचामा प्रदेश र स्थानीय तहलाई बाँड्ने गरिएको छ । प्रदेशहरूले सवारी साधन करबाट उठाएको मध्ये ४० प्रतिशत रकम मातहतका स्थानीय तहलाई दिन्छन् ।

तर, कर अधिकार सीमित भएकाले प्रदेश स्वयं केन्द्रीय सरकारको अनुदानमा आश्रित छन् । अर्कातर्फ नदीजन्य पदार्थको बिक्रीबाट उठेको रकम स्थानीय तहले प्रदेशलाई वितरण गर्ने कि नगर्ने भन्नेबारे स्पष्ट कानूनी व्यवस्था छैन । संघीय सरकारले यस्तो रकमको ४० प्रतिशत सम्बद्ध प्रदेशलाई वितरण गर्नुपर्ने निर्णय गरे पनि कतिपय पालिकाले असहमति जनाएका छन् । घर बहाल करलाई संविधानले स्थानीय तहको क्षेत्राधिकारमा राखे पनि संस्थागत बहाल कर अझै संघीय सरकारले उठाइरहेको छ ।

कर व्यवस्थापन गर्दा कम दर तर फराकिलो आधार अपनाउनुपर्नेमा कतिपय अवस्थामा ठीक उल्टो छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा नेपालको करको २२ प्रतिशत हाराहारीमा छ जुन दक्षिणएशियाली औसत दरभन्दा बढी हो । यसको कारण कर नै बढी उठेको नभई आर्थिक कारोबारको सबै हिस्सा औपचारिक रूपमा गणना नहुनु हो । राजस्व बाँडफाँड समेत जोड्दा प्रदेश तथा स्थानीय तहले कुल गार्हस्थ्य उत्पादनको तुलनामा पाँच प्रतिशत राजस्व उठाउँछन् ।

पालिकाहरूले पूर्ण रूपमा कर उठाउन नसकेको संकेत हो यो । स्थानीय तहले उठाउने सम्पत्ति करले जायजेथा भए पनि नियमित आय खासै नभएका घना शहरी क्षेत्रका बासिन्दालाई मर्का परेको गुनासो सुनिने गरेको छ । संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्रका आधारमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँडको रकम र प्राकृतिक स्रोतको रोयल्टी वितरण गर्छ । यसै गरी विशेष अनुदान, समपूरक अनुदान र परियोजनामा आधारित सशर्त अनुदान समेत उपलब्ध गराउँछ । प्रदेश सरकारले पनि स्थानीय तहलाई यी अनुदान दिन्छन् । राजस्व बाँडफाँड र प्राकृतिक स्रोतको रोयल्टीमा तीन तहको हिस्सा अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ ले स्पष्ट गरे पनि अन्य अनुदान रकम सँघीय संसद्को विवेकमा छाडिएको छ ।

त्यसै गरी प्रदेशबाट स्थानीय तहमा जाने कुल अनुदानको हिस्सा तोक्ने जिम्मा प्रदेश सभालाई दिइएको छ । नतीजाका आधारमा नेपालमा विशेष र समपूरक अनुदान ज्यादा प्रभावकारी भएका छन् । राजस्व बाँडफाँडबाट आउने रकमले प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्च मात्रै धान्ने र वित्तीय समानीकरण अनुदान ससाना वितरणमुखी योजनामै सकिने गरेको गुनासा पनि छन् ।

खर्च स्वायत्तताका दृष्टिले वित्तीय समानीकरण र राजस्व बाँडफाँड जस्ता निशर्त अनुदान प्रभावकारी देखिए पनि कम विकसित देशहरूमा नतीजामा आधारित सशर्त अनुदान बढी लाभकारी पाइएका छन् । विगतमा पनि नगरपालिकामा पठाइने निशर्त अनुदानभन्दा जगेडा कोषबाट उपलब्ध गराइने सशर्त अनुदान धेरै प्रभावकारी थियो । पर्वतारोहण शुल्क तथा विद्युत्, खानी, वन जस्ता प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडमा प्रदेश र स्थानीय तहको हिस्सा २५-२५ प्रतिशत छ । तर, उत्पत्तिका आधारमा वितरण हुने यस्ता स्रोत सीमित क्षेत्रमा रहेकाले आफूलाई मर्का परेको भन्दै मधेश तथा लुम्बिनी प्रदेशले आवाज उठाएका छन् । *-साभार: हिमालखबर*

# निमित्त हाकिमकै भरमा बित्यो पाँच वर्ष



काठमाडौं/संघीयताको मर्मलाई आत्मसात् गर्दै सिंहदरबारको अधिकार गाउँ-गाउँ पुर्‍याउने घोषणासहित पाँच वर्षअघि निर्वाचित जनप्रतिनिधिको कार्यकाल सकिन एक महिना बाँकी छ । बितेका पाँच वर्षमा संघीय सरकारले नै प्रशासनिक क्षेत्रमा चरम बेथिति भित्र्याएको छ । यस अवधिमा दुई सयभन्दा बढी स्थानीय तहले प्रशासकीय अधिकृत नै पाएनन् ।

प्रदेश र स्थानीय तहको मेरुदण्ड भनिएको संघीय निजामती कर्मचारी ऐनको विधेयक प्रतिनिधिसभामा पेस भएको डेढ वर्षसम्म निर्णय हुन सकेन । राज्यव्यवस्था समितिले पारित गरेका विधेयकलाई गत कात्तिकमै प्रतिनिधिसभाबाट फिर्ता लिएपछि बेथिति झन् झाँगिँदै गएको छ ।

संघीयताविज्ञ एवं राष्ट्रिय सभाका सांसद खिमलाल देवकोटाले सरकारले कर्मचारी व्यवस्थापनका लागि निजामती ऐन ल्याउन नसक्नु भूल भएको बताए । कर्मचारी समायोजन गर्दा प्रदेश र स्थानीय तहलाई बेवास्ता गरेका कारण अहिले जथाभावी बेथिति देखिएको उनको भनाइ छ । 'संघीय सरकारले आफूखुसी गर्दाको परिणाम अहिले देखिएको छ,' उनले भने, 'राज्य व्यवस्थाले २०७७ असारमा पारित गरेको निजामती विधेयक अघिल्लो सरकारले प्रतिनिधिसभामा टेबल नै गरेन । अहिले उक्त विधेयक नै फिर्ता लिइयो । त्यसकै परिणाम कतिपय प्रदेश र स्थानीय तहले निजामती ऐन जारी गरे पनि कार्यान्वयन गर्न सकेनन् ।'

स्थानीय तहका प्रमुखहरूले संघीय सरकारले सरुवामा गरेको राजनीतिक हस्तक्षेप र समायोजन ऐनविपरीत जथाभावी निर्णयका कारण बेथिति मौलाएको बताएका छन् । सर्वोच्च अदालतले समायोजन ऐनका कतिपय प्रावधानमाथि नै प्रश्न उठाएको छ । सर्वोच्चले कर्मचारीलाई मर्का नपर्ने गरी कानुन बनाएर मात्र कार्यान्वयन गर्न सरकारलाई आदेश नै दिएको छ । कर्मचारी व्यवस्थापन गर्न नसक्नुको असर स्थानीय तहको कार्यसम्पादन कमजोर देखिएको मात्र होइन, बेरुजुसमेत बढेको जनप्रतिनिधिको भनाइ छ । अहिले स्थानीय तहको कुल बेरुजु ४० अर्ब ८३ करोड छ । यो कुल लेखा परीक्षण रकमको ५ प्रतिशत हो । स्थानीय तहको चालु आवको ६ महिनाको कुल खर्च २४ प्रतिशत छ । बडीमालिका नगरपालिका बाजुराका मेयर मदम बडुवाल प्रश्न गर्छन्, 'पाँच वर्षमा ९ जना प्रमुख प्रशासकीय अधिकृत फेरिपछि कसरी प्रभावकारी काम गर्न सकिन्छ ?' क्षमता भएका कर्मचारीले काठमाडौं नछाडेको उनले बताए ।

'प्रमुख प्रशासकीय अधिकृत आएको ८ दिनमा फेरि अन्यत्र सरुवा भएको उदाहरण छ,' उनले भने, 'यस्तो व्यवहारले स्थानीय तहको कार्यसम्पादन कसरी राम्रो हुन सक्छ ?' उनले कर्मचारी अभावका कारण सुदूरपश्चिममा सञ्चालित प्रदेश तथा स्थानीय शासन सञ्चालनसम्बन्धी कार्यक्रम शीर्षकमा २०७७/७८ का लागि विनियोजित ५० करोड फ्रिज भएको बताए । संघीय मन्त्रालय स्रोतका अनुसार सुशासन शीर्षकमा छुट्याइएको उक्त बजेट यो वर्ष पनि खर्च हुने सम्भावना छैन । बडीमालिकाका मेयर बडुवाल मात्र होइन, अधिकांश पालिका प्रमुखहरूको गुनासो एकै प्रकारको छ । ईशनाथ नगरपालिका रौतहटका मेयर सन्तोषकुमार मेहता आफ्नो कार्यकालको अधिकांश समय निमित्तको भरमा सञ्चालन भएको बताउँछन् । पाँच वर्षमा ६ जना प्रशासकीय अधिकृत फेरिएको उनले बताए ।

उनले संघीय मामिला मन्त्रालयले राजनीतिक आस्थाका आधारमा प्रशासकीय अधिकृत सरुवा गरेकाले यो अवस्था आएको दुखेसो गरे । उनले भने, 'अहिले सर्वोच्च अदालतको आदेशमा आएका प्रमुख प्रशासकीय अधिकृतले काम गरिरहेका छन् ।' निमित्तका भरमा पालिका सञ्चालन गर्दा प्रक्रियागत रूपमा खर्च विवरण मिलाउन नसकेकाले बेरुजु देखिने गरेको उनले बताए । रौतहटमा १६ नगरपालिका र दुई गाउँपालिका छन् । बितेको पाँच वर्ष अधिकांश समय निमित्तको भरमा स्थानीय तह सञ्चालन भएको मेहताले जानकारी दिए । दाङको घोराही उपमहानगरपालिकाका मेयर नरुलाल चौधरीले दरबन्दीअनुसार कर्मचारीहरू स्थानीय तहमा गएर काम गर्ने मनस्थितिमा नदेखिएको बताए । सहसचिवको दरबन्दी भएको आफ्नो उपमहानगरमा दुई वर्षदेखि उपसचिवले निमित्त चलाएको उनले जानकारी दिए । यस अवधिमा स्थानीय तह सञ्चालन गर्ने प्रशासकीय अधिकृत एउटा स्थानीय तहमा खटिएको पत्र बुझेर अर्कोमा हाजिर हुन नपाउँदै सरुवाको निर्णय भएका घटना दोहोरिएको दोहोरियै भए । 'एकातिर स्थानीय तहमा पठाउने कर्मचारीको अभाव छ, अर्कातर्फ सरुवा भएर जानै नमान्ने, गएकाहरू बस्न नमान्ने र बसेकाहरूको पनि जनप्रतिनिधिसँग मेलमिलाप हुन नसक्ने समस्या छ,' मन्त्रालयका एक अधिकारीले भने । प्रदेश र स्थानीय तहमा समायोजन भएर गएका कर्मचारी संघीय दरबन्दीमा सरुवा हुन नपाउने अभ्यास छ तर संघीय मामिला मन्त्रालयको राजनीतिक नेतृत्व फेरिनेबित्तिकै ऐनमा भएका व्यवस्था परिवर्तन गरेर कार्यविधि र निर्देशिकामा टेकेर समायोजन मिलान भन्दै सरुवा गर्न थालेपछि समस्या जटिल बन्दै गएको हो । मन्त्री फेरिनेबित्तिकै समायोजन ऐनका प्रावधान कसरी मिच्न सकिन्छ भनेर बाटो खोज्ने गरेको अधिकारीहरू बताउँछन् । मुलुकभरका निजामती कर्मचारीको व्यवस्थापन र परिचालनको जिम्मेवारी लिएको संघीय मन्त्रालयकै नेतृत्व पटक-पटक फेरियो ।

चार वर्षको अवधिमा पाँच जना मन्त्री र पाँचै जना सचिव फेरिएका छन् । 'तर राजनीति नेतृत्वले स्थायी समाधान खोज्नेभन्दा पनि सरुवालाई नै मुख्य काम ठान्यो,' मन्त्रालयका अधिकारीहरू भन्छन्, 'मन्त्रीहरू आफ्ना निकट कर्मचारीलाई खुसी पार्ने काममा मात्रै लागे ।' सरकार र संसद्ले कर्मचारीको स्थायी व्यवस्थापनमा ध्यान नदिँदा अहिले प्रशासनिक क्षेत्र अन्योलको भुमरीमा परेको सांसद देवकोटाको भनाइ छ । समायोजन ऐन कार्यान्वयनका क्रममा कार्यविधि, निर्देशिकाजस्ता प्रावधान धमाधम मन्त्रिपरिषद्बाट पारित गराएर कर्मचारी सरुवा गर्न थालेपछि समस्या थपिँदै गएको हो । यसको नकारात्मक असर स्थानीय तह सञ्चालन र कर्मचारी समायोजन ऐन कार्यान्वयनमा परेको छ । यसबाट संघीयता कार्यान्वयनमा समेत प्रत्यक्ष असर परेको विज्ञहरूको भनाइ छ ।

नगरपालिका संघ नेपालका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका मेयर अशोककुमार ब्याञ्जु संघ र प्रदेश सरकारले आवश्यक कानुन नबनाउँदा कर्मचारी व्यवस्थापन हुन नसकेको बताउँछन् । 'स्थानीय तहले निर्माण गरेका कानुन र नीतिगत निर्णय कार्यान्वयनको जिम्मेवारी कर्मचारीको हो,' उनले भने, 'कर्मचारी नै नभएपछि कसरी काम गर्ने ?' स्थानीय तहले धेरै समस्यासँग जुध्दै पाँच वर्ष काम गरेको उनले बताए । सरकारले मनोमानी निर्णय गर्न थालेपछि सर्वोच्चको पूर्ण इजालसले मुलुक संघीय प्रणालीमा गएकाले प्रशासनिक संघीयतालाई ख्याल गर्न गत माघमा निर्देशनात्मक आदेश दिएको थियो । उक्त आदेश कार्यान्वयनका लागि निजामती ऐन जारी हुनुपर्छ ।

संघीय मन्त्रालयका प्रवक्ता तथा सहसचिव बसन्त अधिकारी निजामती ऐन जारी नहुनु नै समस्याको जड भएको बताउँछन् । ऐन नहुँदा कतिपय निर्णय प्रक्रियामा प्रभाव परेको उनले स्विकारे । भन्छन्, 'प्रस्ट कानुन नहुँदा कतै न कतै समस्या आउँछ ।' संघीय निजामती ऐन नबन्दा कर्मचारीले भने वृत्तिविकास, सेवासुविधा, सरुवाबढुवा, निवृत्तिभरणपछिको पेन्सनजस्ता विषय उठाउँदै आएका छन् । संघीय ऐनकै आधारमा प्रदेश निजामती ऐन र स्थानीय तह कर्मचारी ऐन जारी गर्नुपर्छ ।

उक्त ऐन नबन्दा प्रदेश र स्थानीय तहले कर्मचारीको सेवासुविधा, बढुवालगायत विषयमा निर्णय गर्न सकेको छैन । सातै प्रदेशमा गठन भएका प्रदेश लोक सेवा आयोगलाई पनि प्रदेश सरकारले कर्मचारीको आवश्यकता, दर्ता प्रणाली, बढुवा, निवृत्तिभरण र त्यसपछिको व्यवस्थापनजस्ता विषयमा प्रस्ट प्रस्ताव गर्न सकेको छैन । -साभार: इ-कान्तिपुर

# एन्फा निर्वाचन : कुन जिल्लामा कसको नेतृत्व ?

काठमाडौं/अखिल नेपाल फुटबल संघ (एन्फा)को जिल्ला निर्वाचन देशभर सञ्चालन भैरहेका छन् । एन्फाको जिल्ला निर्वाचन दश गतेसम्म सक्ने कार्यतालिका रहेको छ । केन्द्रीय निर्वाचनका लागि ४८ जिल्लामा निर्वाचन हुँदैछ । त्यसमध्ये ४५ जिल्लाले मताधिकार पाउनेछन् । त्यसैका लागि निर्वाचन चलिरहेको छ । एन्फा निर्वाचनमा कतै सर्वसम्मत छ भने कतै निर्वाचन भएको छ ।

शनिबार सम्पन्न निर्वाचनमा अनिल मल्लको नेतृत्वमा कैलाली जिल्लाको नयाँ कार्यसमिति बनेको छ । जसमा उपाध्यक्षहरूमा कुमार बहादुर शाही, जितेन्द्र कुमार बोगटी र रज बहादुर थापा रहेका छन् । त्यस्तै सदस्यहरूमा आरती आचार्य, मोहित कुमार शाह, तेज बम, चन्द्र देव बम, हर्क दानपाली, होम तामाङ, कृष्णबहादुर डगौरा, देवि रामा जैसी, सुरेस चौधरी र श्याम विष्ट रहेका छन् ।

त्यस्तै काभ्रे जिल्ला फुटबल संघको नेतृत्वमा विकास नारायण श्रेष्ठ आएका छन् । वरिष्ठ उपाध्यक्षमा निरोज श्रेष्ठ, उपाध्यक्षमा महेश कुमार कर्माचार्य र मनिष श्रेष्ठ । सदस्यहरूमा मनिष भोछिभोया, सुवास थापा, रोजन श्रेष्ठ, राम कृष्ण श्रेष्ठ, पारसमणि कायस्थ, विनोद शाक्य, अबोध भूषण खोजुँ श्रेष्ठ, विवेक भट्टराई, अमृत मानन्धर, अंकुर ब्याञ्जु र रसिला थापा मगर रहेका छन् ।

यता पाँच जिल्लामा सर्वसम्मत कार्यसमिति आएको छ । जसमा रुपन्देही, लम्जुङ, बाग्लुङ र महोत्तरीको जिल्ला नेतृत्व सर्वसम्मत आएका छन् । लमजुङमा लोकेन्द्र गुरुङ नेतृत्वका सर्वसम्मत कार्यसमिति चयन भएको छ । उपाध्यक्षमा विजयकुमार श्रेष्ठ, सञ्जीव पौडेल र योगबहादुर गुरुङ चुनिएका छन् । सदस्यमा खड्गजंग गुरुङ, सुमिन घले, विशाल अधिकारी, सञ्जीव राना, कुसुम राज बराल, आनन्द गुरुङ, नरेन्द्र थापा, निपेन्द्र श्रेष्ठ, सुदिप श्रेष्ठ, शिव खाती र महिला सदस्यमा हरिमाया गुरुङ निर्वाचित भए ।

रुपन्देहीमा लोक पुनको अध्यक्षतामा निर्विरोध कार्यसमिति चयन भएको छ । उपाध्यक्षमा बुद्धिबहादुर गुरुङ, मुकेश कुँवर र सुधीर थापा, महिला सदस्यमा मोतीकला गुरुङ तथा सदस्यमा शंकर मल्लाह, सञ्जय कार्की, प्रेम राना, बसन्त श्रेष्ठ, पदम थापा, दिपक गुरुङ, ललित तिरुवा, सोमबहादुर बिक, मनमोहनलाल गुभाजु र दिपेश गुरुङ सर्वसम्मत चुनिए ।

महोत्तरीमा प्रमोद मानन्धर र बाग्लुङमा जय राज भण्डारीको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन भएको छ । शनिबार बिहानै भएको पर्सा जिल्ला फुटबल संघको निर्वाचनमा अनिलकुमार कलवारको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन भएको थियो ।

पर्सा जिल्ला कार्यसमिति सर्वसम्मतिबाट चयन भएका छन् । अध्यक्षमा अनिल कुमार कलवार, उपाध्यक्ष दीपक शाह, हेमन्त चौधरी, ईश्वर चन्द यादव छन् ।

त्यस्तै सदस्यहरूमा सरोज यादव, राजेन्द्र कुमार पटेल, नारायण प्रसाद कुर्मी, दीपेन्द्र लाम्रा कुर, मानदेव हजरा, असण महत्व, संजीव थापा, अलि अस्कर हवारी, सतेन्द्र कुमार चौधरी, वेद प्रकाश कुर्मी र अहिला सदस्यमा मिहीका थापा ।

यसअघि जुम्लामा भरत बुढाथापा नेतृत्वको ११ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको थियो । थापा चौथो पटक जिल्ला फुटबल संघको नेतृत्वमा चुनिएका हुन् । वरिष्ठ उपाध्यक्ष राजबहादुर खत्री, उपाध्यक्षमा विकल्पजंग शाही र रोशन श्रेष्ठ छन् । सदस्यमा खड्कबहादुर भण्डारी, मदनराज भारती, धमेन्द्र महतरा, भरतबहादुर खत्री, नरेश महत, रविन्द्र शाही र विष्णु महत निर्विरोध भए । महासचिवमा दीपेन्द्रबिक्रम हमाल, कोषाध्यक्षमा अजय थापा मनोनीत भए ।

त्यस्तै कञ्चनपुरमा निर्वाचनमार्फत कार्यसमिति चयन भएको थियो । कञ्चनपुरमा गणेशबहादुर चन्द प्यानल सहित नेतृत्वमा निर्वाचित भए । भीमबहादुर थापालाई हराउँदै चन्द जिल्ला फुटबल संघको नेतृत्वमा चुनिएका हुन् । चन्दले ११ र थापाले २ मत प्राप्त गरे । उपाध्यक्षमा दाउत तामाङ, केशव चन्द, रमेश चन्द निर्वाचित भए ।

सदस्यमा प्रजापति भट्ट, बलबहादुर जागरी, कमलेश सिंह, दीपकसिंह बोहरा, राजप्रताप सिंह, सुकबहादुर तामाङ, भिमबहादुर चन्द, महेश चन्द, शंकर चन्द, हेलन श्रेष्ठ र महिला सदस्यमा महेन्द्रा भट्ट निर्वाचित भए ।

भोजपुरमा प्रवीण कुमार सुवालको नेतृत्वमा १२ सदस्यीय कार्यसमिति चयन भएको छ । उपाध्यक्ष भास्कर तामाङ, टंक प्रधान र आङ पासाङ शेर्पा निर्विरोध रहे । सदस्यमा उसान किरात, सन्तोष मोक्तान, संग्राम राई, विनोद राई, सुदीप कार्की, सुरेन्द्र महत, नगेन्द्र राई, डम्बर राई चयन भएका छन् ।

बाँकेमा भोजराज शाहीको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । भोजराजले सुन्दरमणि अधिकारलाई हराउँदै नेतृत्वमा निरन्तरता पाए । भोजराजले ९ मत प्राप्त गरे । प्रतिद्वन्द्वी सुन्दरमणिले मात्र २ मत पाए ।

-साभार: रातोपाटी

# 'केजीएफ २'ले हिन्दी भर्सनमै कमायो दुई दिनमा सय करोड



एजेन्सी/साउथ सुपरस्टार यश अभिनीत फिल्म 'केजीएफ २'ले बक्सअफिसमा डंका पिटेको छ । फिल्मले प्रदर्शनको दुई दिनमा नै बलिउड र साउथका कयौं फिल्मको रेकर्डलाई पछाडि पारेको छ । हिन्दी भर्सनमा पहिलो दिन नै ५३ करोड ९५ लाखको सानदार ओपनिङ गरेको फिल्म दोस्रो दिन पनि कमाईमा अब्बल देखियो । दुई दिनको कमाईसँगै फिल्म सय करोडमा सामेल भएको छ ।

दोस्रो दिन शुक्रवार ४६ करोड ७९ लाखको व्यापार गर्दै फिल्मले हिन्दी भर्सनमा १ सय ७४ लाखको कमाई गर्न सफल भएको हो । फिल्मको कमाईलाई ट्रेड एनालिस्ट तरण आदर्शले 'सुनामी'को संज्ञा दिएका छन् । सन् २०१८ मा रिलिज भएको 'केजीएफ'को हिन्दी भर्सनको लाइफटाइम कलेक्सन ४४ करोड ९ लाख मात्र थियो । 'केजीएफ २'ले पहिलो दिन नै आफ्नै रेकर्ड ब्रेक गरेको छ । ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार, फिल्मले 'बाहुबली २' र 'दबंग'को व्यापारलाई पछ्याइरहेको छ । फिल्मले चार दिनमा १ सय ८४ करोडको व्यापार गर्ने उनको अनुमान छ । फिल्मले भारतमा मात्र नभइ विश्वभर सानदार कमाई गरिरहेको छ । नेपालमा मात्र फिल्मले प्रदर्शनको दुई दिनमा चार करोड छापेको जानकारीमा छ । नेपालमा 'केजीएफ २'को गजबको क्रेज देखिएको छ ।

साउथका ट्रेड एनालिस्ट मनोबाला विजयबालनले ट्विटरमार्फत् फिल्मले विश्वभर २ दिनमा ३ सय करोडमाथिको व्यापार गरेको जानकारी दिएका छन् । प्रशान्त नीलद्वारा लिखित तथा निर्देशित फिल्ममा यशसँगै सञ्जय दत्त, रवीना टन्डन, श्रीनिधि शेट्टी, प्रकाश राज र मालविका अविनाश लगायतको अभिनय छ । फिल्म कन्नड, तेलुगु, हिन्दी, तमिल र मलयालम भाषामा रिलिज भएको हो । -साभार: फिल्मीखबर

# नागढुंगा सुरुङमार्गको निर्माण ठप्प



काठमाडौं/नागढुंगा सुरुङमार्गको निर्माण ठप्प भएको छ । चन्द्रागिरी नगरपालिका-२का स्थानीय बासिन्दाले विभिन्न माग राख्दै २८ चैतमा जापानिज प्राविधिक बस्ने क्याम्प र कार्यालयमा तोडफोड गरेपछि काम ठप्प भएको हो ।

सडक विभागका महानिर्देशक शिवहरि सापकोटाका अनुसार खानेपानी आयोजनामा थप सहयोग माग राखेका स्थानीयसँग छलफल भएर अघि बढ्न लाग्दा तोडफोड भएपछि निर्माणको काम रोकिएको हो । 'चार दिनदेखि हाम्रो इन्जिनियरहरु पनि फिल्डमा जानु भएको छैन, जापानी प्राविधिकहरु पनि गएका छैनन्,' उनी भन्छन्, 'स्थानीयहरुले सहयोग गर्नुभयो भने मात्रै काम सुरु हुन्छ ।' विदेशी सहयोगको आयोजना भएकाले संवेदनशील भएको सापकोटाले बताए । वडाध्यक्षसहित गएको स्थानीय टोलीले तोडफोड गरेकाले यसमा सकस परेको उनले बताए ।

सापकोटाका अनुसार स्थानीयको माग सम्बोधनका लागि पहल भएर समाधानउन्मुख भइसकेको विषयमा विवाद बढ्न पुगेको हो ।

-साभार: अनलाईनखबर


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी



के तपाई सीप र ज्ञान भएर पनि बेरोजगार हुनुहुन्छ ?

के तपाईले आफ्नो सीप र ज्ञानको प्रमाणीकरण गराउन चाहनु हुन्छ ?

के तपाईलाई पूर्व सिकाईको मान्यता (RPL) विधिबाट सीप परीक्षण गर्ने फारम खुलेको छ भन्ने थाहा छ ?

फारम भर्ने अन्तिम मिति २०७९ साल बैशाख ४ गते

आफ्नो सीप र ज्ञानको प्रमाणीकरण गरि थप तालिम र रोजगारको अवसरका लागि सीप परीक्षण गराउनुहोस् ।
थप जानकारी तथा सहयोगको लागि सम्पर्क:
सिटिईभिटि/राष्ट्रिय सीप परीक्षण समिति (NSTB), सानोठिमी, भक्तपुर, 9851163964
बागमती प्रदेश परिषद् कार्यालय, हेटौडा, मकवानपूर, 057-522169, 9855034991, 9867993975
NVQS परियोजनाको प्रादेशिक सहयोग एकाइ, सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपूर, 057-590526, 9841554156
www.nstb.org.np

Nepal Vocational Qualifications System NVQS
swisscontact






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



Security Security Security
G15 Security SDNBHD Malayasia

G15 Security पूर्व स्वीकृति मिति : २०७८।१२।२९ चलानी नं ६०/१७/७८/४७ LT No. 261585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 50 | 00 | कामचलाउ | 1200 | 35000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

फाइनल अन्तरवार्ता २०७९ वैशाख ९ गते शुक्रबार आइल्याण्ड जंगल रिसोर्ट चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाईनुहोला । बुझाएको रकमको अनिवार्य रुपमा भरपाई लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपालको कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँ बानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम इ. पत्र नं.: १०३९/०७३/०७४
Sky of the World Manpower Pvt. Ltd
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
Chitwan Contact : 9855063454, 9806595102
नोट : X-Army and र X-police लाई प्राथमिकता दिइनेछ ।

# आचारसंहिता उल्लङ्घन गर्नेलाई कडा कारबाही गर्ने आयोगको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ निर्वाचन आयोगका आयुक्त राम प्रसाद भण्डारीले आचारसंहिता उल्लङ्घन गर्दै स्थानीय तहको निर्वाचनलाई बिथोल्न खोज्नेलाई कडाभन्दा कडा कारबाही गर्ने चेतावनी दिएका छन् ।

हेटौंडामा आयोजित मिडिया अभिमुखीकरण कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । मुख्य राजनीति दलका नेतृत्वहरूबाटै निर्वाचन प्रक्रियामाथि आशंका फैलाउने अभिव्यक्ति आएको प्रति आयोगको ध्यानाकर्षण भएको भन्दै त्यस्तो अभिव्यक्ति नदिन भण्डारीले आग्रह गरे ।

देश निर्वाचनमय भइसकेको अवस्थामा राजनीतिक दलहरुले नै निर्वाचन नहुने जस्तो अभिव्यक्ति दिन नमिल्ने भन्दै त्यस्तो अभिव्यक्ति दिनेलाई कारवाही गर्ने तयारीमा आयोग रहेको उनको भनाइ थियो । ‘हामीले राम्रोसँग नोट गरेका छौ, हामी कारबाहीमा जानेछौं’ उनले भने ‘देश निर्वाचनमय भएको छ, यो निर्वाचन नभए हामी २० बर्ष पछि धकेलिने छौ ।’

आयोग कुनैपनि हालतमा स्थानीय तहको निर्वाचन गर्ने पक्षमा रहेको उनले बताए । ‘निर्वाचन नभए लोकतन्त्रले हार्छ, लोकतन्त्र बचाउनु हामी सबैको कर्तव्य हो’ उनले भने । भ्रम र आशंका फैलाउने



नेता आफैं जनतासामु जान डराएको भण्डारीको भनाइ छ । लोकतन्त्र जीवित राख्ने प्रक्रिया नै निर्वाचन भएकोले तोकिएको समयमा निर्वाचन हुनैपर्ने उनले बताए । आयुक्त भण्डारीले आयोगले मुलकाम सकिसकेको बताए ।

जनताले बिश्वास गरेर आफ्नो मत दिने भनेको आफूमाथि शासनको अधिकार दिएको नभई आफ्नो समस्यामा सहजीकरण गर्न मत दिने भएकोले यसलाई सघाउन उनले सबैलाई आग्रह गरे ।

आयुक्त भण्डारीले सञ्चारकर्मीलाई पनि आचारसंहितामा बस्न आग्रह गरे । आयोगले आयोजना गरेको मिडिया अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेश, प्रदेश निर्वाचन अधिकारी लुम्बनाथ पोखरेलले आयोगले सबै तयारी सकेको बताए । स्वतन्त्र र भयरहित निर्वाचन गर्न आयोग लागिपरेको पोखरेलले बताए । स्थानीय तहको निर्वाचन आउन करिब २७ दिन मात्रै बाँकी रहँदा निर्वाचन आयोगको बागमती प्रदेश कार्यालयको आयोजनामा मकवानपुरका मिडियालाई निर्वाचनलक्षित अभिमुखीकरण कार्यक्रम दिइएको छ ।

अभिमुखीकरणमा निर्वाचन आयोगको प्रदेश कार्यालयका प्रमुख लुम्बानाथ चापागाईले कार्यक्रमबारे जानकारी दिएका थिए । यसैगरी प्रेस काउन्सिल नेपालका चीरञ्जीवी मास्केले निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिको रोकथामबारे सहजीकरण गरेका थिए । नेपाल पत्रकार महासंघको केन्द्रीय समिति सदस्य सुनिल खड्काले निर्वाचनसँग सम्बन्धित समाचार संकलन र रिपोर्टिङका विषयमा सहजीकरण गरे । निर्वाचनका मुख्य सरोकारवालाहरु, निर्वाचन कस्तो हुनुपर्छ, मिडियाको प्रभाव, निर्वाचनका बेला मिडियाको भूमिका, निर्वाचनका बेला अपनाउनुपर्ने सचेतना, निर्वाचनमा मिडियाको अनुगमन जस्ता विषयमा खड्काले जानकारी दिए ।

आफूले लेखेको समाचार पाठकलाई पनि विश्वसनीय हुनुपर्ने, बार्गेनिङ पत्रकारिता नभई निष्पक्ष पत्रकारिता गर्नुपर्ने उनको धारणा रहेको छ । यस्तै, उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेले स्थानीय तह निर्वाचन २०७९ र निर्वाचन आचारसंहिता २०७८ बारे सहजीकरण गरे । निर्वाचन आचारसंहिता पूर्णपालना बिना विश्वसनीय निर्वाचन नहुने बताए । निर्वाचनका लागि नैतिक व्यवहार र आचरण महत्वपूर्ण हुने जानकारी दिए ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले विगतदेखि निर्वाचनलक्षित सूचनाको मूल्य बढाउन आयोगलाई आग्रह गरे । कार्यक्रममा सहभागी पत्रकारहरुले आचार संहिता उल्लंघन गर्ने राजनीतिक दल र उम्मेदवारलाई निर्वाचन आयोगले कारबाही गर्न नसकेको गुनासो गरेका छन् । निर्वाचनलाई निष्पक्ष बनाउन आचार संहिता उल्लंघन गर्ने दल र उम्मेदवारलाई आयोगले कारवाही पनि गर्नुपर्नेमा सञ्चारकर्मीले जोड दिएका थिए ।

# केसीको नेतृत्वमा भूतपूर्व सैनिक र प्रहरी संगठन

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ नेकपा एमालेनिकट नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन (नेपोन)को अध्यक्षमा भक्तबहादुर केसी चयन भएका छन् ।

नेपोनको प्रथम हेटौंडा नगर अधिवेशनले केसीको नेतृत्वमा ३१ सदस्यीय नगर समिति गठन गरेको हो । अधिवेशनबाट नेपोनको उपाध्यक्षमा नारायण पौडेल, सचिवमा तीर्थकुमारी खड्का, कोषाध्यक्षमा दुर्गा महत तथा उपसचिवमा राजु चौलागाईं चयन भएका छन् । अधिवेशनले हालका पदाधिकारीसहित २२ सदस्य मात्रै चयन गरेको छ ।

अध्यक्ष केसीका अनुसार कमिटीमा बाँकी ९ जना सदस्यहरु सबै क्षेत्रबाट समेटिने गरी मनोनित गरिने भएको हो ।

नेपोन मकवानपुर उपाध्यक्ष तथा हेटौंडा नगर इन्चार्ज रामकेदार बस्नेतको सभाध्यक्षतामा भएको नगर अधिवेशनमा नेकपा एमाले बागमती प्रदेश सदस्य तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा एमाले प्रदेश सदस्य सम्राट तुम्बाहाम्फे, नेपोनका केन्द्रीय सचिव सुधीर थापा, एमालेका जिल्ला सचिवालय सदस्य ईश्वर ढुंगाना, जिल्ला सदस्य सन्तोष पौडेल, सरस्वती दाहाल, पार्टी नगर अध्यक्ष सालिकराम पुडासैनी, नेपोन मकवानपुरका जिल्ला अध्यक्ष शिव थापालगायतको आतिथ्यता थियो ।

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**ADMISSIONS OPEN**
FROM NURSERY TO GRADE IX
FOR ACADEMIC SESSION 2079
*for limited seats only*
Scholarship Test : 10 Baishakh 2079
APPLY ONLINE



www.admission.hetaudaacademy.edu.np
FOR MORE DETAILS
057-525548, 9847106642
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

साझाकुरा
www.sajhakuranews.com
“तपाई, हामी सबैको कुरा ”
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



# राप्रपा नेपालको बागमती गाउँपालिकामा दावी



साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/ मकवानपुरमा नेकपा एमालेसँग गठबन्धन गर्दै सूर्य चिन्हमै निर्वाचन लड्ने सहमति गरेको राप्रपा नेपालले बागमती गाउँपालिकामा दाबी गरेको छ ।

बागमतीमा करिब १ हजार ६ सय मत रहेको दाबीसहित एमालेसँग गाउँपालिका अध्यक्षसहित वडा अध्यक्षमा माग्ने तयारी राप्रपा नेपालले गरेको छ । कमल थापा नेतृत्वको राप्रपा नेपाललाई बागमतीमा गाउँपालिका अध्यक्ष दिन एमाले मकवानपुरको नेतृत्व सकारात्मक रहेको स्रोतले जानकारी दिएको छ ।

राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरुप्रसाद सापकोटाले एमाले मकवानपुरसँग मिलेर निर्वाचनमा लड्ने सहमति भएको जानकारी दिए । भागबण्डाको विषयमा प्रवेश गरी नसकेको बताउँदै उनले एक गाउँपालिकामा दाबी रहने बताएका छन् ।

‘दुई पार्टीबीच मिलेर जाने विषयमा सहमति छ । एमालेको जिल्ला नेतृत्वसँग बसेर कुरा भइसकेको छ । उहाँहरु पनि सकारात्मक हुनुहुन्छ । निर्वाचन जित्ने गरी नै हामी अगाडि बढेका छौं’, सापकोटाले भने । संगठनको आधारलाई मान्दै विगतको मत परिणामअनुसार राप्रपा नेपालले पालिका र वडामा दाबी गर्ने सापकोटाले जानकारी दिए ।

बागमतीमा राप्रपा नेपालको मत राम्रो भएकोले एमालेसँग मिलेर निर्वाचनमा जाँदा जीत सुनिश्चित हुने सापकोटाले जिकिर गरे । एमालेसँग दाबी गर्दा बागमती गाउँपालिका अध्यक्ष नै दाबी गर्ने उनको भनाइ छ । ‘गत निर्वाचनमा राप्रपा नेपालले बागमतीमा १६ सय मत ल्याएको हो । एमालेले पनि थोरै मतले हारेको हो । अब मिलेर जाँदा जित निश्चित छ’, सापकोटाले भने । नेकपा एमाले र राप्रपा नेपालबीच यसअघि हेटौंडामा भएको छलफलमा जिल्लामा गठबन्धनलाई बलियो र परिणाममुखी बनाउनु पर्नेमा जोड दिइएको थियो ।

एमाले मकवानपुरका सहइञ्चार्ज तथा प्रतिनिधिसभा सदस्य कृष्णप्रसाद दाहाल, अध्यक्ष एकालाल श्रेष्ठ, उपाध्यक्ष लालबहादुर थापा र राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौला, केन्द्रीय सदस्य बालकृष्ण कार्की, मकवानपुर अध्यक्ष गुरुप्रसाद सापकोटा, जिल्लाको क्षेत्र १ (ख) अध्यक्ष दामोदर वाग्लेबीच गठबन्धनका विषयमा छलफल भएको हो । राप्रपाले अघिल्लो निर्वाचनमा हेटौंडा उपमहानगरमा मेयरमा ७ हजार र उपमेयरमा ७ हजार ४ सय बराबर मत पाएको थियो । उपमहानगरमा उपमेयरसहित नगरको १, ६, र १२ सहित केही वडा र १ गाउँपालिकासहित अन्य पालिकामा उपाध्यक्ष दावी गर्ने तयारी राप्रपा नेपालको छ ।

जिल्लामा पार्टीको अवस्थाको बारेमा तयारी गरेरै छलफललाई अघि बढाउने र सहमतिको प्रयास गरिने राप्रपा अध्यक्ष सापकोटाले बताए । उनका अनुसार आइतबारसम्म अन्तिम टुंगो लगाइनेभएकोछ । राप्रपाबाट अलग भएर केही महिनाअघि मात्रै गठन गरिएको राप्रपा नेपालको वास्तविक शक्ति पहिचान भने भएको छैन् । मकवानपुरमा राप्रपाका पुराना नेता राजेन्द्र लिङ्देन पक्षमै छन् ।

# राप्रपा हेटौंडा नगर अध्यक्षमा अरुण लामा

साझाकुरा संवाददाता

हेटौंडा, ३ वैशाख/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को हेटौंडा उपमहानगरपालिकाको अध्यक्षमा अरुण लामा चयन भएका छन् ।

शनिबार भएको नगरको भेलाले लामाको अध्यक्षतामा राप्रपा नगर समिति निर्माण भएको हो । समितिको उपाध्यक्षमा शुक्रराज प्रजा तथा सचिवमा रघुनाथ खराल चयन भएको राप्रपा मकवानपुरका प्रवक्ता विशभ अधिकारीले बताए । राप्रपा केन्द्रीय नेता मधु अधिकारीको प्रमुख आतिथ्यतामा भएको भेलामा राप्रपा मकवानपुरका अध्यक्ष शिबराम थापा, नेताहरु रामहरि न्यौपाने, गुञ्जबहादुर न्यौपाने, ध्रुब सञ्जेललगायतको आतिथ्यता रहेको थियो ।

# खेलकुद महासंघको अध्यक्षमा मोक्तान

हेटौंडा, ३ वैशाख/ नेकपा एमालेनिकट नेपाल खेलकुद महासंघ मकवानपुरको अध्यक्षमा सविन मोक्तान चयन भएका छन् ।

शनिबार सम्पन्न जिल्ला अधिवेशनले मोक्तानको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको हो । कमिटी उपाध्यक्षमा विक्रम लामिछाने, रुपा ढुंगाना, सचिवमा संगीत श्रेष्ठ, सहसचिव रोशन ठकुरी र आशिष थापामगर र कोषाध्यक्ष केदार थिङ चयन भएका छन् । नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवं जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा नेकपा एमाले प्रदेश कमिटी सदस्य एवं संविधानसभा सदस्य अनन्त पौडेल, प्रदेश सदस्य बलराम बल, एमाले जिल्ला अध्यक्ष एकालाल श्रेष्ठ, खेलकुद महासंघ स्थायी कमिटी सदस्य धरमबहादुर लामा, सचिवालय सदस्य दीपक न्यौपाने, सदस्यहरु बुद्धि डिम्डुङ, दीपक खड्का, चन्द्र शाही, प्रदेश सचिव जनरल श्रेष्ठ, कोषाध्यक्ष इन्द्र सञ्जेललगायत थिए ।

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA
e-SCOOTERS






**Offer**
रू.१०,०००।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- व्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना